# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा

प.स :–०७७/७८
च.न. :–

१ नं.प्रदेश नेपाल

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०१/१५**

यस कार्यालयको चालु आ.व.२०७७/०७८ मा ५० प्रतिशत अनुदानमा धानको उन्नत बीउ वितरण गर्ने कार्यक्रम बमोजिम धानको उन्नत बीउ आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक बीउ बिजनको कारोबार गर्न इजाजत प्राप्त बिक्रेता वा कृषक समुह वा बीउ उत्पादक कम्पनी वा कृषि सहकारी संस्थाहरुबाट उन्नत धानको बीउ आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रहेर देहाय बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

| क्र.स. | विवरण | आवश्यक परिमाण (के.जी) | ल.ई. रकम ढुवानी सहित | धरौटी रकम | दरभाउपत्र दस्तुर | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | रन्जित धानको बिउ | १२०२० | १६,२९,६६३।१० | ४८,०००।०० | १,०००।०० | २०७८/०१/३०गते दिनको २ बजे |
| २ | सर्ना (मसिनो सर्ना) धानको बिउ | ११०१५ | | | | |

**शर्तहरु :**

१) सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र रु. १,०००।– (एक हजार पछि फिर्ता नहुने) तिरी प्राप्त गरेको रसिद, आ.व. २०७७/०७८ का लागि नविकरण भएको दर्ता प्रमाण पत्र, मु.अ.क.मा दर्ता भएको प्रमाण पत्र र आ.व. २०७६/०७७ सम्म कर तिरेको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु, सम्बन्धित निकायमा दर्ता गरेका प्रमाण पत्रको प्रतिलिपि, बीउ बिजन बिक्री वितरणको इजाजत पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र, बिउबिजन प्रयोगशालाको रिपोर्ट निवेदन साथ संलग्न राखि यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र खरिद गर्न सक्नेछ।

२) सिलबन्दी दरभाउपत्रको बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी आपूर्तिकर्ताको नाम, ठेगाना, कामको विवरण र फोन नं. स्पष्ट उल्लेख गरि फर्मको छाप लगाई लाहाछापद्धारा सिलबन्दी गरि सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

३) यस कार्यालयबाट बिक्री नभएको, जमानत संलग्न भै नआएको, एउटाको जमानत अर्कोमा रहेको, बाहिर खाममा र सिलबन्दी दरभाउपत्रको व्यहोरा फरक परेको, सिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेको सिलबन्दी दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन।

४) सिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको दिउँसो १२:०० बजे भित्र दर्ता गराउनु पर्नेछ। तोकेको मिति तथा समयभन्दा पछि बुझाएको सिलबन्दी दरभाउपत्र स्विकार गरिने छैन। सोही दिनको २:०० बजे उपस्थित भएका सिलबन्दी दरभाउपत्रदाता वा प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा सिलबन्दी दरभाउपत्र खोलिनेछ। सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

५) सिलबन्दी दरभाउपदाताले धरौटी वापतको रकम यस कार्यालयको नाममा माछापुच्छ्रे बैंक लि. राजगढको धरौटी खाता नं. ८५०१५२४८७०५०००४१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ। घटी रकम समावेश भएको सिलबन्दी दरभाउपत्र उपर कार्वाही हुने छैन।

६) सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खोलिने दिन सिलबन्दी दरभाउपत्र खरिद गर्न, दाखिला गर्न र खोल्न सकिनेछ।

७) पेश भएको सिलबन्दी दरभाउपत्रको कबुल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

८) पेश भएका सिलबन्दी दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा कुनै पनि कारण जताई वा नजताई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालमा सुरक्षित रहनेछ।

९) खरिद गरिने सामग्री तोकिएको स्पेसिफिकेशन अनुसार गर्नु पर्नेछ। यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, बीउ बिजन नियमावली २०६९ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

१०) यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको वेभसाइट www.bahradashimun.gov.np मा हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

चित्र प्रसाद गुरागाँई
प्रमुख प्रशासकीय अधिकृत